# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या:- ५९६ मिति :- २०७०/२/१३

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त "क" वर्ग तथा राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरू ।

विषय :- <u>प्रतीतपत्र खोल्ने अनुमति सम्बन्धमा ।</u>

महाशय,

प्रतीतपत्र सम्वन्धी विद्यमान व्यबस्थाहरु पालना गर्दै देहायका सर्तहरुका अधिनमा रही राष्ट्रिय स्तरका विकास बैंकहरुलाई पनि नियमानुसार यस बैकबाट इजाजतपत्र लिई प्रतीतपत्र खोल्न दिने सम्बन्धमा निम्न व्यबस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. आफैले लगानी /प्रवर्द्धन गरेका ऊर्जा उत्पादन, विकास र प्रसारणका परियोजनाहरुको प्रयोजनको लागि मात्र प्रतीतपत्र सम्वन्धी कारोवार गर्न सकिने ।
२. बैंकले SWIFT (Society for Worldwide InterbankFinancial Telecommunication) को सदस्यता लिएको हुनु पर्ने ।
३. अन्तरराष्ट्रिय एजेन्सीहरुसंगको व्यावसायिक कारोवारको सम्बन्ध कायम भएको न्यूनतम ३ वर्ष पुरा भएको हुनु पर्ने ।
४. शीध्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली बमोजिम विगत दुई वर्षभित्र कुनै किसिमको कारवाही भएको हुन नहुने ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**<u>बोधार्थ:</u>**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौ ।
५ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैंकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलनमार्ग, टेकु ।
१२. श्री नेपाल उद्योग परिसंघ, मिलनमार्ग, टेकु ।